## बिजनबारीमा कृषि कार्यक्रम

बिजनबारी, १२ मार्चः गत शनिवारको दिन बिजनबारी खण्डअन्तर्गत आनन्देन बस्तीमा बिजनबारी कृषि कार्यालयको सौजन्यमा कृषि कार्यक्रम सम्पन्न भयो। यस अवसरमा क्षेत्रका कृषक समुदायलाई उन्नत जातका तथा अधिक फलशील मकैको बीउ वितरण गरियो। यस अवसरमा कृषि अधिकारी अभिनय बाग्दास (एडीए) ले कृषकवर्गलाई कृषि सम्बन्धित कुनै पनि समस्या अथवा असुविधा वहन गर्न परेमा सोझै बिजनबारीस्थित कृषि कार्यालयमा आएर सम्पर्क राख्न सक्ने विषयमा जानकारी दिए।

## कांग्रेसद्धारा राज्यसभाको निम्ति १२ उम्मेदवारको नाम घोषित

नयाँ दिल्ली, १२ मार्च। कांग्रेसले राज्यसभा चुनावको निम्ति आफ्नो १२ उम्मेद्वारको नाममा मोहर लगाएको छ। सोमबार कांग्रेस अध्यक्ष राहुल गांधीले पार्टी उम्मेद्वारहरूको नामलाई मञ्जूरी दिए। यी उम्मेद्वारहरूमा बिहारबाट अखिलेश प्रसाद सिंह र छत्तीसगढ़बाट लेखराम साहू बाहेक महाराष्ट्रबाट वरिष्ठ पत्रकार कुमार केतकरको नाम पनि सामेल छ। पार्टी प्रवक्ता अभिषेक मनु सिङ्घवी पश्चिम बङ्गालबाट राज्यसभाको उम्मेद्वार चुनिएका छन्। उल्लेख्य, तृणमूल कांग्रेसले अगावै सिङ्घवीको उम्मेद्वारीको समर्थन गर्ने घोषणा गरिसकेको छ। सिङ्घवीले केही ठूला मामिलामा तृणमूलको तर्फबाट वकातली गरिरहेछन्। गुजरातबाट अमी याज्ञनिक र पूर्व केन्द्रिय मन्त्री नारानभाई रतवालाई राज्यसभा चुनावको निम्ति उम्मेद्वार बनाइएको छ। झारखण्डबाट धीरज प्रसाद साहूलाई र मध्यप्रदेशबाट राजमणि पटेलको उम्मेद्वारीलाई मञ्जूरी दिइएको छ। महासचिव अस्कर फर्नान्डीस र पत्रकार केतकार महाराष्ट्रबाट नामित गरिएका छन्। पार्टीले कर्नाटकबाट एल हनुमानथैया, सैयद नासिर हुसैन, जीसी चन्द्रशेखर र तेलङ्गानाबाट बलराम नाईकलाई नामित गरेको छ।

## सुरेश प्रभुले सम्हाले नागरिक उड्डयन मन्त्रालयको कार्यभार



नयाँ दिल्ली, १२ मार्च। केन्द्रिय वाणिज्य एवं उद्योग मन्त्री सुरेश प्रभुले सोमबार यहाँ सफदरगञ्ज हवाईअड्डामा राजीव गांधी भवनमा नागरिक उड्डयन मन्त्रालयको अतिरिक्त प्रभार सम्हाले। यस अवसरमा नागरिक उड्डयन राज्यमन्त्री जयन्त सिन्हा पनि उपस्थित थिए। उल्लेख्य, आन्ध्र प्रदेशलाई विशेष राज्यको दर्जाको माग पूरा नभएकोमा तेलगु देशम पार्टी (टीडीपी)का अशोक गजपति राजूले केन्द्रिय मन्त्रीमण्डलबाट राजीनामा दिएका थिए। राजीनामाको कारण रिक्त भएको नागरिक उड्डयन मन्त्रालयको अतिरिक्त प्रभार सुरेश प्रभुलाई दिइएको छ। पदभार सम्हालेपछि पत्रकारहरूसित कुराकानीमा सुरेश प्रभुले बताएका छन्, विमानन उद्योगले नौकरीहरूको निर्माणमा अहम भूमिका निभाएको छ। तपाईले जे देख्नुभएको छ, त्यो 'विकास'को एक ट्रेलर हो, प्रधानमन्त्री मोदीको नेतृत्वमा हामी विकास गरिरहनेछौं।

## आजाद मैदान पुग्यो किसानहरूको लङमार्च

## विधानभवन घेराउमा किसान अडिग



मुम्बई, १२ मार्च। नाशिक शहरदेखि ०६ मार्चमा निस्केको किसानहरूको लङमार्च ६ दिनपछि आज आजाद मैदानसम्म पुगेको छ। लङमार्चमा सामेल किसानहरूले कुनै पनि हालतमा विधानभवनको घेराव गर्ने तयारी गरेका छन्। तर सरकारको तर्फबाट आजाद मैदानदेखि विधान भवनसम्म जोडदार पुलिस व्यवस्था गरिएको छ, यसबाट विधानभवन पुलिस छावनीमा परिणत भएको छ। यसबीच हिजो राति मुख्यमन्त्री देवेन्द्र फडनवीसले मोर्चामा सामेल किसानहरूको हरेक समस्याको समाधान निकाल्न मन्त्री समूहको समिति गठन गर्ने निर्णय लिएका छन्। यस समितिमा सामेल मन्त्री किसान नेताहरूसित सम्पर्कमा छन् तर मन्त्री किसानहरूलाई सम्झाउनमा सफल हुन सकेका छैनन्। आज दिनको २ बजी मुख्यमन्त्रीले किसान नेताहरूसित भेट गर्नेछन्। विधानभवनमा मुख्यमन्त्रीले यसबापत मन्त्री समूहको बैठक शुरु गरेका छन्। किसानहरूको मोर्चा मुम्बई पुगेपछि भाजपालाई छोड़ेर सबै दलहरूका नेताहरूले किसानहरूसित भेट गरी उनीहरूलाई समर्थन दिएका छन्।

## राष्ट्रपतिको चेञ्ज अफ गार्डको समयमा परिवर्तन

नयाँ दिल्ली, १२ मार्चः राष्ट्रपति भवनको फोर कोर्टमा रस्मी गार्डहरूको अदला-बदली (चेञ्ज अफ गार्ड) समारोह यस साता १७ र १८ मार्चदेखि गर्मीहरूको नयाँ समयानुसार हुनेछ। यो समारोह अब शनिबार बिहान ८ बजीदेखि ८.४० बजीसम्म र आइतबार साँझ ५.३० बजीदेखि ६.१० बजीसम्म आयोजित गरिनेछ। समयको यो निर्धारित बदलाव १४ अगस्त २०१८ सम्म लागू हुनेछ। राष्ट्रपति भवनको प्रांगणमा आयोजित हुने चेञ्ज अफ गार्ड समारोह जनताको निम्ति खुल्ला छ। वैध फोटो पहिचान पत्र देखाएर समारोहलाई निःशुल्क हेर्न सकिन्छ। राष्ट्रपति भवनको गेट नम्बर २ र ३७ बाट प्रवेश गर्न सकिन्छ।

## स्टेटस रिपोर्ट नसुम्पेकोमा गुजरात सरकारको आलोचना

नयाँ दिल्ली, १२ मार्च। बिल्किस बानो सामूहिक दुष्कर्म मामिलाको सुनवाई गर्दै सुप्रीम कोर्टले गुजरात सरकारलाई स्टेटस रिपोर्ट नसुम्पेकोमा आलोचना गरेको छ। चीफ जस्टिस दीपक मिश्राको अध्यक्षतामा बेञ्चले गुजरात सरकारलाई स्टेटस रिपोर्ट दर्ता गर्ने अन्तिम अवसर प्रदान गरिरहेको तथा छ सातामा स्टेटस रिपोर्ट दर्ता गर्नलाई भनेको छ। यसअघि पनि गत १० जनवरीमा सुनवाईमा गुजरात सरकारका उकीलले अतिरिक्त समयको माग गरेका थिए। यसपछि सुप्रीम कोर्टले गुजरात सरकारसित दोषी अफिसरहरूको विभागीय जाँच सम्बन्धी स्टेटस रिपोर्ट मागेको थियो।

## अनन्तनागः सुरक्षाबलहरूको भिड़न्तमा तीन आतंकी मारिए

जम्मू, १२ मार्च। अनन्तनाग जिल्लाको हकूरा क्षेत्रमा आइतबार राति सुरक्षाबलहरू र आतंकीहरूबीच भएको भिड़न्तमा तीन जना आतंकी मारिएका छन्। भिड़न्तमा मारिएका आतंकीहरू तहरीक-उल-मुजाहिदीन तथा हिजबुल मुजाहिदीन आतंकी संगठनहरूसित जुड़ेका थिए। यिनीहरूदेखि एक एके-४७ राइफल, पिस्तौल तथा एक ह्याण्ड ग्रेनेड जफत भएको छ। आइतबार राति दुई बजी उता अनन्तनागको हकूरा क्षेत्रमा आतंकीहरूको उपस्थितिको गुप्त सूचनाको आधारमा सेना, पुलिस तथा सीआरपीएफको एक संयुक्त टीमले पूरा क्षेत्रको घेराव गरी खोजी अभियान शुरू गरेको थियो। यस अवधिमा त्यहाँ लुकेका आतंकीहरूले सुरक्षाबलहरूमाथि गोलीबारी शुरू गरे। जवाबी कारबाहीमा सुरक्षाबलहरूले पनि गोली चलाउनु शुरू गऱ्यो। अन्ततः सुरक्षाबलहरूको भिड़न्तमा तीन जना आतंकी मारिए। मृतकहरूमध्ये दुई जना आतंकीको पहिचान ईसा फाजली निवासी श्रीनगर तथा सईद औवेस निवासी कोकरनागको रूपमा गरिएको छ जबकि तेस्रो आतंकीको पहिचान हुन सकेको छैन। पुलिस अनुसार, मारिएका तीनै आतंकीमध्ये एक आतंकी केही दिन अघि सौरा पुलिस पोस्टमाथि गरिएको आतंकी हमलामा सामेल थियो। यस हमलामा पोस्टमा तैनाथ एक पुलिस कान्स्टेबल शहीद भएको थियो। त्यही, प्रशासनले भिड़न्तपछि स्थितिलाई शान्त राख्नको निम्ति घाटीका सबै स्कूल-कलेज र विश्वविद्यालयहरूलाई सोमबार बन्द गर्ने निर्देश दिएको छ। यस अवधिमा बोर्ड र विश्वविद्यालयमा हुने सबै परीक्षाहरू पनि रद्द गरिएको छ। प्रशासनले सावधानीको रूपमा रेल सेवा पनि आजको निम्ति स्थगित गरेको छ। कानून-व्यवस्था कायम राख्नको निम्ति दक्षिण कश्मीरमा मोबाइल इन्टरनेट सेवा तत्काल प्रभावदेखि बन्द गरिएको छ।

## विमान दुर्घटनामा ४९ को मृत्यु, २२ घाइते

काठमाडौं। त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा दुर्घटनाग्रस्त यूएस बंगला विमानमा यात्रारत ४९ जना यात्रुको मृत्यु भएको नेपाल प्रहरीले जनाएको छ। प्रवक्ता मनोज न्यौपानेका अनुसार २२ घाइत यात्रुको भने काठमाडौंका विभिन्न अस्पतालमा उपचार भइरहेको छन्। उनका अनुसार ५ घाइतेको थापाथलीको नर्भिक अस्पतालमा उपचार भइरहेको छ भने काठमाडौं मेडिकल कलेज सिनामंगलमा १२ जना र ओम अस्पतालमा १ जना, मेडीसिटीमा १, ग्रान्डी ३ जनाको उपचार भइरहेको छ।



यता, उद्दार गरी केएमसी पुर्याइएका मध्ये ८ को मृत्यु समाचार छ। चिन्ताजनक अवस्थाका घाइतेहरुको इमरजेन्सी तथा आइसीयू उपचार जारी छ।

यता, नेपाल नागरिक उड्डयन प्राधिकरणले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा आज अपरान्ह २ बजेर १८ बजे भएको युएस बंगलादेश एयरलाइन्सको विमानमा ३३ नेपाली सवार रहेको जनाएको छ। प्राधिकरणका अनुसार उक्त विमानमा चार चालक दलका सदस्यसहित ६७ यात्रु सवार रहेका थिए। ढाकाबाट काठमाडौं आएको बिएस २११ 'कल साइन' को उक्त विमान त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा अवतरणको क्रममा अनियन्त्रित भई धावनमार्गको पूर्वतर्फ दुर्घटनाग्रस्त भएको हो। विमानस्थलमा उद्धार तथा अग्नि नियन्त्रकद्धारा आगो नियन्त्रणमा लिने भइरहेको छ र उद्धार कार्यमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बललगायतको उद्धार टोली परिचालित भएको छ। प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रामबहादुर थापाले उद्धार कार्यको निरीक्षण गर्दै आवश्यक निर्देशन दिनुभएको छ।

घाइतेको केएमसी अस्पताल सिनामंगल र नर्भिक अस्पताल, थापाथलीमा उपचार भइरहेको बुझिएको छ। विमान दुर्घटनामा परी निधन भएकाहरुको विवरण आउन बाँकी छ। त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा यूएस बंगलाको विमान दुर्घटना भएपछि बन्द भएको विमानस्थल पुन सुचारु भएको छ। अहिले उडान र अवतरण सुचारु भएका हुन्। त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा यूएस बंगलाको विमान दुर्घटना भएपछि विमानस्थल पूर्ण रुपमा बन्द गरिएको छ। अहिले उडान र अवतरण सबै उडानहरु रोकिएका छन्। त्रिभुवन विमानस्थल टर्मिनल ड्युटी अफिसरका अनुसार आन्तरिक तथा अन्तर्राष्ट्रिय सबै उडान तथा अवतरण रोकिएका हुन्। अफिसरका अनुसार कतार एयरवेज कलकत्ता डाइभर्ट भएको छ भने फ्लाइ दुबइ र ओमान एयर लखनउ डाइभर्ट भएको छ। विमानस्थलमा अवतरणका लागि बाहिरबाट आएका सबै विमानहरुलाई डाइभर्ट गरिएको छ।

## भगवान गणेश र 'ॐ' को दुरूपयोगमा अमेजनले माफी मागोस्

लस एन्जेल्स, १२ मार्च। भगवान गणेशको चित्रलाई मोजा र चप्पलहरूमा ॐ ध्वनिमा कड़ा आपत्ति जाहेर गरेकोमा अमेरिकी कोरपोरेट 'एमेजन' ले यी दुवै उत्पादलाई आफ्नो स्टोरबाट हटाएको जानकारी दिएको छ। 'यूनिवर्सल सोसाइटी अफ हिन्दुज्म' का अध्यक्ष राजन ज़ेदले यसको जानकारी गराउँदै एक बयानमा बताएका छन्, बाधा हर्ता भगवान गणेश भारतको सवा अरब जनाको आस्थाको प्रतीक हुन्। उनको मन्दिरहरू र घरहरूमा पूजा-अर्चना गरिन्छ। ॐ को उच्चारण प्रत्येक भारतीयको निम्ति एक मन्त्र हो। यस्तोमा केवल उत्पादहरूलाई स्टोरबाट हटाउन पर्याप्त होइन। अमेजन प्रबन्धले माफी पनि माग्नुपर्छ।

## तुर्कीको निजी विमान दुर्घटनाग्रस्त



तेहरान, १२ मार्च। संयुक्त अरब अमीरातदेखि इस्तान्बुल गइरहेको तुर्कीको एक निजी जेट विमान ईरानको पहाड़ी क्षेत्रमा दुर्घटनाग्रस्त भयो। यस दुर्घटनामा विमानमा सवार सबै ११ यात्रीको मृत्यु भयो। स्थानीय समाचार च्यानलले देशको आपदा प्रबन्धन संगठनका प्रवक्ता मुज्तबा खालिदीको तर्फबाट बताएको छ, शहर-ए-कोर्डमा विमान एक पहाड़सित ठोकियो औं त्यसमा आगो लाग्यो। सरकारी समाचार एजेन्सी इरना र सरकारी टीवी अनुसार, बचावकर्मी घटनास्थल पुगेका छन्। घटनास्थल नजिकका ग्रामीणहरूले विमान झर्न अघि त्यसमा आगोको झिल्काहरू देखेका थिए। ज्ञात होस्, यस अघि गत महिना फरवरीमा ईरानको एक यात्री विमान दुर्घटनाग्रस्त भएको थियो, जो तेहरानदेखि यसुज गइरहेथियो। उड़ान भरेको केही बेरपछि नै विमानको एटीसीसित सम्पर्क टुट्यो। यस दुर्घटनामा ६६ जनाको मृत्यु भएको थियो।

## आप विधायक अमानुतुल्लाह खानलाई जमानत

नयाँ दिल्ली, १२ मार्च। दिल्ली हाईकोर्टले दिल्लीका मुख्य सचिव अंशु प्रकाशसित मारपीट मामिलामा पक्रा परेका आम आदमी पार्टी (आप)का विधायक अमानुतुल्लाह खानलाई जमानत दिएको छ। गत २३ फरवरीको दिन दिल्लीको तीस हजारी कोर्टका मेट्रोपोलिटन मजिस्ट्रेटले अमानुतुल्लाहको जमानत याचिका खारेज गरेका थिए। हाईकोर्टले यस अघि यही मामिलामा गत ०९ मार्चमा आम आदमी पार्टीका अझ् एक विधायक प्रकाश जारवाललाई जमानत दिएको थियो।

## हमजाले बनायो आतंकी संगठन

इस्लामाबाद, १२ मार्च। आतंकी संगठन लश्कर-ए-तैयबा (एलइटी)को सह-संस्थापक सदस्य मौलाना आमिर हमजाले नयाँ आतंकी संगठन बनाएको छ। भनिन्दैछ, फण्डको कमीको कारण आतंकीहरूबीच लड़ाई भइरहेछ। तर यो भन्नु हतार पनि हुन सक्छ। ज्ञात होस्, अहिलेसम्म हाफिज सईदको इशारामा एलइटी आतंकी संगठन चल्ने गर्थ्यो। सईदको आतंकी संगठन जमात-उद-दावामाथि प्रतिबन्ध लागेपछि हमज़ाको फण्डिङ बन्द गरियो औं यसैको फलस्वरूप आमिर हमज़ा क्षुब्ध भयो। तर यो दुनियाँलाई देखाउनको लागि पनि हुन सक्छ। धनको कमीको समाधानको निम्ति औं आतंकी संगठनहरूलाई चलाउनको निम्ति यो हाफिजको नयाँ चाल पनि हुन सक्छ। हमजाको नयाँ संगठनको नाम जैश-ए-मनक्फा (जेईएम) हो। लश्कर जस्तै उसले यस नयाँ आतंकी संगठनको माध्यमले फण्ड जुटाइरहेछ। यस नयाँ आतंकी संगठन जेईएमको माध्यमले कश्मीरमा लश्कर सरह आतंक फैलाउने योजना पनि बनाइँदैछ। उल्लेख्य, मौलाना आमिर हमज़ा मुम्बई हमलामा पनि अतिवाञ्छित आतंकी हो। अमेरिकाले उसलाई वैश्विक आतंकी घोषित गरेको छ। हमजा पाकिस्तानको पञ्जाब प्रान्तको गुजरांवालाको बासिन्दा हो।

## शिखर वार्तालाई लिएर राजनेताहरूमा आशंका

वाशिङ्गटन, १२ मार्चः अमेरिका र दक्षिण कोरियाबीच प्रस्तावित शिखर वार्तालाई लिएर अमेरिकाका दुवै ठूला राजनीतिक पार्टी- रिपब्लिकन तथा डेमोक्रेट नेताहरूले आशंकाहरू व्यक्त गरेका छन्। यसलाई देशको सुरक्षाको निम्ति खतरा बताएका छन्। त्यही, ट्रम्प प्रशासनको तर्फबाट बारम्बार व्हाइट हाउसले उत्तर कोरियालाई यस कुराकानीको निम्ति कुनै प्रकारको पनि छूट नदिएको स्पष्टीकरण दिइरहेछ। डेमोक्रेट हिलेरी क्लिन्टनले यस वार्तालाई लिएर तीव्र प्रतिक्रिया व्यक्त गरेकी थिइन्। एरिज़ोनाका रिपब्लिकन नेता सिनेटर जेफ़ फ़्लेकले बताएका छन्, शिखर वार्ता अघि कूटनीति सत्रमा चर्चा हुनु पर्थ्यो। ट्रेज़री सचिव स्टीवन मनुचिनले बताएका छन्, वार्ता भए, उत्तर कोरियाले आफ्नो आणविक हतियारहरूलाई नष्ट गरोस् भनी राष्ट्रपति डोनाल्ड ट्रम्पको माग हुनेछ। अमेरिकी गुप्त एजेन्सी सीआईएका निर्देशक माइक पोम्पियोले यस शिखर वार्ता सन्दर्भमा आइतबार बताएका थिए, पहिलो कुरा के छ भने, उत्तर कोरियाले आफै यो वाचा गरेको छ, जसमा उत्तर कोरियालाई अडिग रहनु पर्नेछ। दोस्रो, व्हाइट हाउसको तर्फबाट पनि केही शर्तहरू छन्। उत्तर कोरिया प्रशासनले यो गारन्टी दिनु पर्नेछ क़ि वार्ता समाप्त हुनेञ्जेलसम्म उसले कुनै प्रकारको पनि मिसाइल परीक्षण गर्नेछैन। मार्चको अन्तमा दक्षिण कोरिया र अमेरिकाबीच संयुक्त रूपमा हुने सैनिक अभ्यासमा कुनै प्रकारको आपत्ति गर्नेछैन। सीआईए निर्देशकले बताएका छन्, उत्तर कोरियाई प्रशासनले शिखर वार्ताको साटो यस प्रकारको वाचा कहिले पनि गरेन औं यो वास्तवमा ठूलो सफलता हो। अर्कोतिर, व्हाइट हाउसमा एक प्रवक्ता राज शाहले बताएका छन्, यदि यो शिखर वार्ता हुँदैन भने यसको दोष उत्तर कोरियामाथि हुनेछ।

### अन्त्येष्टि क्रिया

मेरा अति आदरणीय पति गंगा बहादुर छेत्रीको गत ६ मार्च, २०१८ को दिन आकास्मिक निधन भयो। वहाँको शव यात्रामा उपस्थित भइदिनु हुने सम्पूर्ण इष्टमित्र, आफन्त, छर-छिमेक एवं शुभचिन्तक महानुभावप्रति आभार प्रकट गर्दै आगामी १८ मार्च २०१८ आइतवारको दिन पश्चिम सिक्किमको गेजिङस्थित अप्पर क्याङसामा सम्पन्न हुने वहाँको अन्त्येष्टि क्रियामा उपस्थित भई दिवङ्गत आत्माको चिर शान्तिको निम्ति प्रार्थना गरिदिन हुन हार्दिक निवेदन गर्दछौं।

विनीत

कर्ण माया छेत्री(पत्नी), ज्ञान बहादुर, गणेश बहादुर, अर्जुन छेत्री (भाइहरू), नवीन छेत्री (छोरा), भीम कुमारी (छोरी) एवं सम्पूर्ण शोकाकूल परिवार।